परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

❑ वर्ष १३ ❑ अंक ४५ २०८२ असार २२ आईतवार Sunday 22, JULY 2025 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

नेपाल खानेपानी संस्थान
शाखा कार्यालय, विराटनगर

सूचना

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला ।

पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।

## कक्षा ११ मा भर्नाको लागि पहिले प्रवेश परिक्षा अनि शिक्षण संस्था छनौट

विराटनगर । एसईई उतिर्ण गरेका विद्यार्थीहरुले विराटनगरका कलेजहरुमा कक्षा ११ मा भर्ना हुनका लागि धमाधम प्रवेश प्रवेश परिक्षा दिई रहेका छन् ।

कोशी प्रदेशको राजधानी विराटनगरमा नाम चलेका शिक्षा दिप, अरनिको, एभरेष्ट, गृनलेण्ड, कान्तिपुर, भिके भीएम लगायतका कलेजहरु मा प्राय सबै विद्यार्थीहरुले प्रवेश परिक्षाको लागि फारम भर्ने गरेका छन् । पहिले शिक्षण संस्था रोजेर परिक्षा दिनुपर्नेमा सो नगरी पहिले सबै कलेजमा प्रवेश परिक्षा दिन्छन । प्रवेश परिक्षाको नतिजापछि केलेज रोज्ने गरेको एक विद्यार्थीले वताए ।

सो विद्यार्थीका अनुसार प्रवेश परिक्षामा प्राय सबै कलेजमा विद्यार्थीले पास गरेकै हुन्छ । त्यसपछि विद्यार्थीले कुन कलेजमा राम्रो पढाई हुन्छ राम्रो सुविधा पनि छ त्यो छनौट गरी भर्ना हुने गरेको वताए ।

विराटनगर-५ स्थित एभरेष्ट कलेजमा कक्षा ११ मा भर्ना हुन लागि ५१७ जनाले प्रवेश परिक्षा दिएका छन् । एभरेष्ट कलेजले विज्ञान संकायमा चार सेक्सनका लागि १४० जना र व्यवस्थापन संकायको तीन सेक्सनमा १०५ जना मात्र विद्यार्थी भर्ना लिने छ ।

विराटनगर-९ मा रहेको शिक्षादिप कलेजले कक्षा ११ मा भर्नाको लागि विज्ञान संकायको भएको परीक्षामा ८ सय सिटका लागि लिएको परीक्षामा करिव २ हजार भन्दा बढी विद्यार्थी परीक्षामा सहभागि भएका थिए ।

विराटनगर-१० मा रहेका कान्तिपुर कलेजमा कक्षा ११ मा भर्ना हुनका लागि कक्षा ११ को तीन वटा संकायमा कूल १ हजार ५० जनाको कोटा निर्धारण गरिएको भएपनि १ हजार ४ सय ३२ जना विद्यार्थीले प्रवेश परीक्षामा सहभागिता जनाएको कलेजका प्रिन्सिपल भुवन नेपालले वताए ।

ग्रिनल्याण्ड कलेजमा कक्षा ११ मा भर्ना हुनका लागि कलेजमा भएको परीक्षामा विज्ञान, होटेल मेनेनमेन्ट र व्यवस्थान

वांकी अन्तिम पेजमा...

## कोशी प्रदेशमा ३३४ डेंगुबाट सक्रमित

विराटनगर । डेंगु रोगबाट बचन समयमै सावधानी नअपनाए देशभरीमा ६० हजारभन्दा बढी संक्रमित हुने इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखले अनुमान गरेको छ ।

महाशाखाको अनुसार कोशी प्रदेशमा ३३४ जना डेंगु संक्रमित रहेका छन् । हालसम्म कुल १ हजार ६७३ जनामा डेंगु संक्रमण पुष्टि भएको छ । पछिल्लो एक सातामात्रै ७१ जना नयाँ संक्रमित थपिएका छन । गण्डकी प्रदेशमा सबैभन्दा धेरै २० जना नयाँ संक्रमित भेटिएका छन् भने कर्णालीमा सबैभन्दा कम १ जना मात्र पुष्टि भएका छन ।

बागमती प्रदेशमा ४०४ जना,गण्डकीमा ३५८ जना, कोशी प्रदेशमा ३३४, लुम्बिनी प्रदेशमा २७८, सुदूरपश्चिममा २३२, कर्णालीमा ३६, मधेस प्रदेशमा ३१ जना संक्रमित रहेका छन् ।

डेंगु बढ्ने अनुमानका साथ कार्ययोजना तथा प्रदेशसँग समन्वय गरी डेंगु नियन्त्रण गर्ने तयारी गरिएको छ । आर्थिक वर्ष २०८२-०८३ का लागि डेंगु नियन्त्रण गर्न करिब

वांकी अन्तिम पेजमा...

## सरकारलाई दिएको समर्थन फिर्ता

विराटनगर । नागरिक उन्मुक्ति पार्टीले सुदूरपश्चिम प्रदेश सरकारलाई दिएको समर्थन शुक्रबार फिर्ता लिएको छ ।

सरकारमा सहभागी दलले समर्थन फिर्ता लिए प्रधानमन्त्री वा मुख्यमन्त्रीले ३० दिनभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक प्रावधान रहेको छ ।

सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहले उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री रामेश्वर चौधरीलाई बिहीबार बर्खास्त गरेपछि असन्तुष्ट भएको नागरिक उन्मुक्ति प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णयमा पुगेको थियो । नागरिक उन्मुक्तिकी अध्यक्ष रञ्जिता श्रेष्ठले आफूहरूसँग छलफल बिना मन्त्री चौधरीलाई हटाएपछि सरकारमा बस्नुको औचित्य नरहेको जानकारी गराएका थिए ।

सरकारका प्रवक्ता एवं सूचना तथा प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले भने नागरिक उन्मुक्तिले सरकारलाई दिएको समर्थन फिर्ता लिने विषयमा

वांकी अन्तिम पेजमा...









क्राईम अपरेशन
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## कक्षा ११...

संकायका गरी १ हजार ५१ जना विद्यार्थीले परीक्षा दिएको छ ।

प्रवेश परिक्षा भई सकेपछि अहिले कलेजहरुमा विद्यार्थी भर्नाको लागि भिड लाग्ने गरेको छ। प्राय कलेजहरुले जीपीए ४ ल्याउने विद्यार्थीहरु निःशुल्क पढाउने भनेका छन्। भने प्राय कलेजहरुमा १० हजार देखि ९० हजार सम्म छात्रवृतिमा बढाउने गरेका छन्।

जसले गर्दा अहिले विद्यार्थी भर्नाका साथै कहाँ वढी छुट दिन्छ त्यही विद्यार्थीहरुको भिड लाग्ने गरेका छन।

## सरकारलाई...

जानकारी नआएको तर समर्थन फिर्ता लिए पनि सरकारलाई असर नपर्ने भन्दै संविधानको धारा १०० (२) मा 'प्रधानमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भए वा सरकारमा सहभागी दलले समर्थन फिर्ता लिए ३० दिनभित्र प्रधानमन्त्रीले विश्वासको मतका लागि प्रतिनिधि सभासमक्ष प्रस्ताव राख्नुपर्नेछ' भनिएको छरु।

मुख्यमन्त्रीले पनि विश्वासको मत लिनुपर्ने यस्तै प्रावधान संविधानको धारा १८८ (२) मा छरु। प्रतिनिधिसभा प्रवक्ता एवं सहसचिव एकराम गिरीका अनुसार सरकारलाई समर्थन गरे पनि मन्त्रिपरिषद्मा सहभागी नभएको दलले समर्थन फिर्ता लिँदा भने विश्वासको मत लिनुपर्ने बाध्यकारी अवस्था छैनरु।

सरकारमा सहभागी नभएको जसपा नेपालले केन्द्रीय कार्यसमितिले केपी शर्मा ओली नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिनका लागि संसदीय दललाई सिफारिस गरेको छरु।

## कोशी...

१० करोड बजेट विनियोजन छ।' गत वर्ष भै मानिसले सावधान नअपनाउने हो भने यो वर्ष अवश्य नै डेंगु संक्रमण बढ्नेमा कुनै शंका छैन।

साउनदेखि कात्तिक अन्तिमसम्म अत्यधिक मात्रामा डेंगु सङ्क्रमण बढ्ने उच्च जोखिम रहेको छ। हालसम्म ७३ जिल्लाबाट १६ सयको हारहारीमा डेंगु सङ्क्रमण पुष्टि भएको छ। ४० देखि ८० प्रतिशत बिरामी उपचारको दायरामा नआउने गरेको छ।


## धुम्रपान र मदिरा सेवन नगरौं ।

धुम्रपानले :
- फोक्सोको क्यान्सर, मुटोरोग, दमजस्ता रोग लाग्न सक्छ,
- श्वास प्रश्वास प्रणालीमा असर गर्न सक्छ,
- मुख, घाटी र छालामा क्यान्सर हुन सक्छ,
- गर्भाअवस्थामा धुम्रपान गरे बच्चाको स्वास्थ्यमा प्रतिकुल प्रभाव पर्न सक्छ ।

मदिरा सेवनले
- कलेजोको रोग हुन सक्छ,
- **तनाव डिप्रेसन जस्ता मानसिक स्वास्थ्यका समस्या देख्न सक्छ,**
- **पारिवारीक कलह अशान्ती छाउन सक्छ,**

**"स्वास्थ्यकर जीवनशैली अपनाऔं, धुम्रपान र मदिरापानबाट टाढा रहौं"**

**नेपाल सरकार, विज्ञापन बोर्ड**













परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउटःविजय कु.मण्डल
मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

# असारमा बजेट सक्ने चटारो

नेपालको कानुन दैवले जानुन भन्ने उखान जस्तै वर्ष भरि सुतेर बस्ने अनि असार लागेपछि बजेट कसरी सक्ने भन्ने चटारो परेको छ। संघिय, प्रदेश र पालिकाहरुका बजेट सक्नकै लागि विकास गरि रहेको छ। त्यो विकास होइन विकृती भई रहेको छ। प्रत्येक वषै झै यस वर्ष पनि असारको विकासले निरन्ता पाएको छ। आहिले पालिकाहरुमा कर्मचारी तथा जनप्रतिनिधीहरुलाई बोल्ने फुर्सद छैन। कोही अनुगमनमा व्यस्त त कोही हिसाव मिलन गर्न व्यस्त देखिन्छ। जनप्रतिनिधीहरुले जुन प्रकारको प्रतिवद्धता जनाएको हुन्छ सो नगरी असारमा आएर विकासको नामा विनाश गरेको प्रष्ट देखिन्छ।

सरकारको मूल नारा नै समृद्ध नेपाल, सुखी नेपाली भएपनि सो अनुसारको काम भएको छैन। एक त पूँजीगत बजेटद कम विनियोजन गरको हुन्छ। त्यसमा पनि खर्च हुन सक्दैन यो विडम्बनाको कुरा हो। वषैभरी भाषन गर्दै हिन्ने अनि धेरै समय छ भने आलटाल गर्ने सेटिङ्ग मिलाउने नामा ढिलो गर्ने, प्रक्रियागत झण्झट देखाउने वेवास्ता गर्ने, अल्झाउने अनि असारमा आएर सेटिङ्गको माल पचाउने प्रवृतिलाई निरन्तरता दिने जस्ता गलत मानसिकताले  असारे विकास गर्नु भनेकै भ्रष्टाचार गर्नु हो। त्यस्तो भ्रष्टाचार रोक्न सरकारले पहल गर्नुपर्नेमा सो नगरी झन भ्रष्टाचार गर्न सरकारका कर्मचारी र जनप्रतिनिधी तल्लीन भएको देखिन्छ।

त्यसैले बजेट तर्जुमा प्रक्रियालाई वैज्ञानिक वनाई जुन शिर्षकमा बजेट छुट्याइएको छ। त्यही शिर्षकमा खर्च गर्ने गरी आर्थिक वर्ष सुरु भएपछि काम सुरु गरी ठेक्काहरु लगाउने, समायवधि भित्र काम नगर्ने ठेक्कादार र कर्मचारीलाई  कारवाही गर्ने, काममा ढिलासुस्ती गर्ने कर्मचारीलाई समेत कारवाहीको दायरामा ल्याउने जस्ता कार्य गरेमा बजेट अनुसार समयमै विकास निर्माणका काम हुन्छ। अन्यथा असारे विकासको नाममा भ्रष्टार जारी रहने पक्का छ त्यसैले समयमा नै सबै जनप्रतिनिधीहरुले यस तर्फ विचार पुऱ्याउन जरुरी छ।

# साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको  अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# एसईई जतिजा : ग्रेड हेर्ने कि ज्ञान सीप ?

**डा. बलराम तिमल्सिनाडा**

माध्यमिक शिक्षा परीक्षा (कक्षा १०) को नतिजामा सुधार आएको छ, तर सिकाइमा सुधारको लागि ज्ञान, सीप र अवधारणामा ध्यान दिनुपर्छ।

परीक्षाको नतिजा सुधारको श्रेय प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति र स्थानीय निकायलाई जान्छ।

शिक्षाको गुणस्तर सुधारका लागि शिक्षकको भूमिका, प्रविधिको प्रयोग र बजेट वृद्धिलाई जोड दिनुपर्छ।

माध्यमिक शिक्षा परीक्षा (कक्षा १०) को परिणाम केही दिनअघि मात्रै प्रकाशित भयो। गत वर्षको तुलनामा परिणाममा राम्रै सुधार भएको देखियो। गत वर्ष ४७.८६ प्रतिशत मात्र विद्यार्थी उत्तीर्ण या भनौँ वर्गीकृत भएका थिए भने यस वर्ष यो प्रतिशत बढेर ६१.८१ पुगेको छ। सुधारको वस्तुगत कारण, विषयगत र क्षेत्रगत अवस्था आदिको साङ्गोपाङ्गो व्याख्या विश्लेषण गरी निष्कर्ष निकाल्ने काम पक्कै पनि राष्ट्रिय परीक्षा बोर्डले गर्नेछ।

समग्र परिणाम हेर्दा २०७९ मा ३.६० देखि ४ जीपीए प्राप्त गर्ने विद्यार्थी संख्या २२,७७५ थियो भने २०८० मा यो संख्या बढेर ३१,२०९ पुग्यो। यस वर्ष यो संख्या उल्लेख्य रूपमा वृद्धि भएर ४८,१७७ पुगेको छ। २०८० मा ५२.१४ प्रतिशत विद्यार्थी अवर्गीकृत थिए भने यो वर्ष यो प्रतिशत घटेर ३८.१९ मा झरेको छ। यसरी प्रतिशत हेर्दा विद्यालय शिक्षाको गुणस्तर क्रमशः सुधार भएको देखिन्छ।

हामी के कुरामा प्रस्ट हुनुपर्छ भने पहिलो चरणको र देखिने सुधार विद्यार्थीले प्राप्त गर्ने विषयगत अङ्क र समग्र उत्तीर्ण प्रतिशत नै हो। परिणाम सुधारका कारण नकारात्मक कोणबाट समेत विश्लेषण र व्याख्या भएको सुनिन्छ। यसो गर्नु परिश्रमी विद्यार्थी र लगनशील शिक्षकप्रति अन्याय हुन्छ। अब कमी-कमजोरी सुधार गर्ने प्रतिबद्धताका साथ प्राप्त उपलब्धिमा खुसी हुँदै अर्को वर्षको तयारीमा जुट्ने हो।

परिणाममा आएको यो सुधारको जस लिनलाई एकापसमा होड चलेको देखिन्छ। कसैले मौखिक आदेश दिए रे, कसैले लिखित निर्देशन। यस्ता किसिमका निर्देशनले प्रधानाध्यापक, शिक्षक, विद्यार्थीलाई केही दबाब, केही प्रेरणा वा केही अवसर सिर्जना भएको हुन सक्छ। वास्तविक रूपमा आदेश र निर्देशनले अहिलेको परिणाममा सुधार आएको किमार्थ होइन।

यो परिणाम सुधारको जस सबैभन्दा बढि प्रधानाध्यापक, शिक्षक र विद्यार्थीलाई जान्छ। त्यसपछि अभिभावक, स्थानीय निकाय र विद्यालय व्यवस्थापन समिति जसको भागिदार हुन्। अन्य वर्गको पनि केही भूमिका रह्यो होला तर उल्लेखनीय रूपमा कसैको योगदान देखिँदैन।

अङ्क र प्रतिशतमा आएको सुधारले हामी सन्तुष्ट भएर ढुक्कसँग बस्ने अवस्था भने छैन। ३० ल्याउनेले २ अङ्क बढाएर उत्तीर्णको श्रेणीमा पुग्यो होला तर यो वृद्धिले सिकाइमा खासै अभिवृद्धि भएको मान्न सकिँदैन। सिकाइमा आएको सुधार त उत्तीर्ण विद्यार्थीको ज्ञान, सीप र अवधारणाले प्रतिविम्बित गर्छ। उसको बोलीवचन र व्यवहारले देखाउँछ, उसले कति सिक्यो भनेर।

सिकाइका बारेमा असफल स्कुलका लेखक जोन हल्ट लेख्छन्, शिक्षा प्राप्तिपछि केटाकेटी दुनियाँमा प्रवेश गर्न सके र आफ्नो जीवनका लागि उपयोगी काम गर्न सके भने सिकाइ भएको मान्नुपर्छ। प्रख्यात शिक्षाविद् जे कृष्णमूर्ति भन्छन्, परिवार, समाज, देश र विश्वलाई नै प्रगतिको पथमा अगाडि बढाउन सक्ने ज्ञान, सीपसहितको भयरहित व्यक्ति निर्माणमा सिकाइ प्रतिविम्बित भएको हुनुपर्छ।

अङ्क र प्रतिशतमा आएको सुधारले हामी सन्तुष्ट भएर ढुक्कसँग बस्ने अवस्था भने छैन। ३० ल्याउनेले २ अङ्क बढाएर उत्तीर्णको श्रेणीमा पुग्यो होला तर यो वृद्धिले सिकाइमा खासै अभिवृद्धि भएको मान्न सकिँदैन। सिकाइमा आएको सुधार त उत्तीर्ण विद्यार्थीको ज्ञान, सीप र अवधारणाले प्रतिविम्बित गर्छ।

राजनेता नेल्सन मन्डेला भन्छन। सिकाइका कारण विद्यार्थीमा सत्यको ढोका यसरी उघारियोस्, उसका आँखा यसरी खुलोस् कि त्यसपछिका दिनमा आँखा चिम्लिँदा पनि उसका अगाडि झलझली त्यो सत्यको मार्ग प्रकट भइरहोस्। त्यो मार्ग बिर्सन खोजेर पनि बिर्सन नसकोस्। सिकाइले विद्यार्थीका सीमित जिज्ञासालाई शान्त मात्र पार्ने होइन कि असीमित जिज्ञासाका लागि बाटो खोलिदिनुपर्छ। सिकाइले सत्य यो मात्रै हो भनेर हैकम जमाउनुको सट्टा सत्यको खोजीमा आफैँ लाग्न उत्प्रेरित गर्छ र त्यो खोजीलाई सार्थक बनाउन आवश्यक शिल्प बाँड्छ।

स्वामी जगत्गुरु डा प्रपन्नाचार्य भन्नुहुन्छ– विद्या र विनयशीलता एक अर्काका परिपूरक हुन्। सिकाइले मानिस सभ्य, सौम्य र सालीन बनाउँछ। महाकवि लक्ष्मी प्रसाद देवकोटा भन्नुहुन्छ, तपाई जति सिक्नुहुन्छ त्यति नै तपाईंको ज्ञानमा वृद्धि र बौद्धिकतामा निख्खारपन आउने त छँदै छ, सिकाइको कारण तपाई कर्म क्षेत्रमा पनि त्यतिकै सफल हुनुहुन्छ।

सिकाइमा ह्रास आएको नेपालको मात्र होइन यो विश्वको नै समस्या हो अहिले। अन्तर्राष्ट्रिय विद्यार्थी मूल्याङ्कन कार्यक्रम (पिसा) को २०२४ को प्रतिवेदनका अनुसार शिक्षामा उत्कृष्ट भनिएका देशमा पनि २०१८ बाट २०२२ सम्म आइपुग्दा गणितमा १५ प्वाइन्ट र पढाइमा १० प्वाइन्ट घटेको छ।

कतिपय शिक्षाविद्को तर्क छ– कोभिड १९ ले शैक्षिक क्षेत्रमा पारेको प्रभाव क्रमशः देखिन थालेको छ। यसका साथै सामाजिक असमानता, गरिबी, शिक्षकको आपूर्तिमा कमी आदि कारणले शैक्षिक क्षति भएको देखिन्छ। सिकाइ स्तर कमजोर हुनुमा कारण थुप्रै छन् जसको बहस छुट्टै हुन जरुरी छ।

जब सिकाइमा ह्रास आउन थाल्छ तब शिक्षाप्रति अभिभावकको विश्वास घट्न थाल्छ। अभिभावकले सोध्न थाल्छन् कि पढेर के हुन्छ। एकातिर अभिभावक र समाजमा शिक्षाप्रतिको भरोसा कमजोर हुँदै जान्छ भने अर्कोतिर स्वयं विद्यार्थीले भविष्यमा रोजगारी पाउने, अर्थोपार्जन गर्ने र समाजमा सम्मानजनक जीवन जिउने सम्भावना पनि न्यून हुँदै जान्छ।

के गर्ने त सिकाइ स्तर सुधार्न

यो वर्षको माध्यमिक शिक्षा परीक्षाको परिणाममा आएको सुधारको मुख्य जस दिनुपर्ने वर्ग प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति र स्थानीय निकाय भएकाले म यस लेखमा यिनै वर्गले के गर्ने भन्ने मात्र चर्चा गर्छु।

सबभन्दा महत्त्वपूर्ण कुरा प्रधानाध्यापक, शिक्षक र अभिभावकले प्राथमिक तहदेखि नै को सिक्दै छ र को सिकिरहेको छैन भनेर पहिचान गर्न अत्यावश्यक हुन्छ। सिक्ने र नसिक्नेहरूको वास्तविक पहिचान हुन नसक्नु नै अहिलेको विश्वव्यापी समस्या हो भन्छ, युनेस्कोको एक प्रतिवेदन। कुन विद्यार्थीको रुचि कुन विषय र क्षेत्रमा छ भनेर थाहा पाउने मूल व्यक्ति शिक्षक र अभिभावक नै हुन्।

विद्यार्थीको रुचिको विषय समयमै पहिचान गरी त्यही विषय उसलाई सिकाउन सके उसको मन परेको विषयमा सिकाइ स्तर पक्कै पनि बढी हुन्छ। त्यसैले हाल विश्वका सयौँ देशले प्राथमिक तहदेखि नै मनोसामाजिक परामर्श सेवा प्रदान गर्दै आएका छन्। विद्यार्थीको कमजोर पक्ष र उसको बलियो पक्ष पहिल्याएर उसको लागि उपयुक्त हुने शैक्षिक धारमा उसलाई प्रवेश गराउन थालेका छन्।

युनेस्कोद्वारा प्रकाशित शिक्षाको दिगो विकाससम्बन्धी लक्ष्यको विश्व अनुगमन प्रतिवेदनले विश्वमै सिकाइमा संकट देखिएको र यसको सुधारका लागि प्रधानाध्यापकको शैक्षणिक नेतृत्व र शिक्षण सिकाइ विधि तथा क्रियाकलापमा आमूल परिवर्तन र सुधारको आवश्यकता औँल्याएको छ।

प्रधानाध्यापक समयमा विद्यालयमा आउने, पूरा समय विद्यालयमा बस्ने, कक्षाकोठमा समयमै पस्ने र पूरा समय बिताउने, शिक्षक विद्यार्थी र अभिभावकसँग नियमित अन्तर्क्रिया गर्ने विद्यालयका विद्यार्थीको २७ प्रतिशतसम्म सिकाइमा वृद्धि भएको र शिक्षकको कार्य सम्पादनमा पनि उल्लेख्य सुधार भएको बताउँछ, युनेस्को प्रतिवेदन। त्यसैले यो प्रतिवेदनको प्रमुख सुझाव प्रधानाध्यापकको पेसागत अभिवृद्धिका लागि सरकारले लगानी गर्नुपर्दछ भन्ने छ।

प्रविधिको क्षेत्रमा भएको विकास (कृत्रिम बौद्धिकता, गुगल) का कारण शिक्षक भन्दा विद्यार्थी पो अगाडि लागे कि भनेजस्तो भएको छ। विषयवस्तुको ज्ञान प्राप्तिमा शिक्षकको मात्र भर पर्नुपर्ने दिन गएका छन् तर प्रविधिको उचित प्रयोग गर्न, आर्जित ज्ञानलाई व्यवहारमा उतार्न, सीपमा प्रदर्शन गर्न र आफ्नो परिवेश अनुसार ग्रहण गर्न शिक्षकले सहजकर्ताको भूमिका खेल्नुपर्छ।

आजको विद्यार्थी मोबाइल, कम्प्युटर र टीभीको स्क्रिनमा रमाउन थाल्यो, पुस्तक पढ्न छाडे उनीहरूले। त्यसैले शैक्षिक सामग्रीको उत्पादन तथा शिक्षकले पढाउने विधि त्यही अनुरूप सुधार हुनुपर्‍यो।

परिणाममा आएको यो सुधारको जस लिनलाई एकापसमा होड चलेको देखिन्छ। कसैले मौखिक आदेश दिए रे, कसैले लिखित निर्देशन। यस्ता किसिमका निर्देशनले प्रधानाध्यापक, शिक्षक, विद्यार्थीलाई केही दबाब, केही प्रेरणा वा केही अवसर सिर्जना भएको हुन सक्छ।

परिवार, समाज र राष्ट्रको आवश्यकता अनुसार ज्ञानको उपयोग गर्ने कुरामा विद्यार्थी कमजोर देखिएका छन्। युनेस्कोको प्रतिवेदन भन्छ– सबै राष्ट्रले शिक्षकको शिक्षण विधि र कलाको आधुनिकीकरण र पेसागत विकास तथा शिक्षकलाई विषयगत र प्रविधिगत सहयोगका लागि सरकारले लगानी बढाउनुपर्छ।

सिकाइ विद्यालयको चार दिवारभित्र मात्र हुन्छ भन्ने हाम्रो धारणालाई कोभिडको प्रकोपमा नेपाल लगायत विभिन्न देशले गरेका सफल अभ्यासले परिवर्तन गरिदिएको छ। सिकाइ परिवारमा हुन्छ, समाजमा हुन्छ, सिकाइ वन-जङ्गल अनि विद्यालय आउँदा बाटोमा पनि हुन्छ। सिकाइ खेतबारी, पाटीपौवा र पँधेरामा पनि हुन्छ। सिकाइ उद्योग कल-कारखाना होटल आदिमा पनि हुन्छ।

विद्यालयको कर्तव्य हो कि यी र यस्तै विद्यालयभन्दा बाहिर सिकेका विषयवस्तुलाई पाठ्यक्रम पाठ्यपुस्तकसँग जोडिदिनु, त्यसलाई व्यवस्थित र लिपिबद्ध गरिदिनु र सिकेका कुरालाई औपचारिक उपलब्धिसँग तादात्म्य मिलाएर विद्यार्थीलाई हौसला र प्रेरणा दिनु।

वांकी ५ पेजमा...

# असार १५ : उत्सवको हिलोमा किसानको आँसु

**रमेश कुमार बोहोरा**

असार १५ अर्थात् राष्ट्रिय धान दिवस नेपाली कृषि संस्कृतिको गहिरो प्रतीक मात्र होइन राष्ट्रिय आत्मासँग जोडिएको चेतनाको दिवस हो। दुर्भाग्य आज यो दिन कृषि नीति, किसानको अवस्था र खाद्य सुरक्षाप्रतिको राज्यको गम्भीरता परीक्षण हुने सट्टा हिलो खेल र पर्यटनको चहलपहलमा सीमित बन्दै गएको छ। भाषणमा कृषि प्राथमिकता भएजस्तो देखिए पनि व्यवहारमा भने किसानहरू वर्षेनि उही अभाव पीडा र उपेक्षासँग जुध्न बाध्य छन्।

आर्थिक वर्ष २०८२/०८३ को बजेटले कृषि क्षेत्रका लागि ५२ अर्ब ७९ करोड रुपैयाँ मात्र विनियोजन गरेको छ जुन कुल बजेटको २.७ प्रतिशत जति हो। देशको ६० प्रतिशतभन्दा बढी जनसंख्या कृषिमा निर्भर रहँदा कृषि क्षेत्रमा यस्तो न्यूनतम विनियोजन हुनु आफैँमा गम्भीर प्रश्न हो के नेपालका लागि कृषि प्राथमिक क्षेत्र होइन त ? यो तथ्यले राज्यको नीति र व्यवहारबीचको गहिरो विरोधा-भास उजागर गर्छ।

मल, बीउ, सिंचाइ, बजारीकरण र भण्डारण जस्ता आधारभूत समस्या अझै समाधान हुन सकेका छैनन्। वर्षेनि किसानहरू मलको चरम अभाव भोगिरहेका छन्। असार १५ झनै विडम्बनाको दिन बन्छ जब उही दिन किसान मलको लाइनमा उभिन्छन् र रोपाइँ सर्न बाध्य हुन्छन्।

धान दिवसको सांस्कृतिक पक्ष अत्यन्त महत्वपूर्ण छ। धान केवल खाद्यान्न मात्र होइन यो नेपाली समाजका हरेक सामाजिक संस्कार र जीवनशैलीसँग गाँसिएको छ। यति महत्वपूर्ण अन्नबालीको संरक्षणमा राज्य उदासीन देखिन्छ। नार्कको तथ्यांक अनुसार नेपालमा करिब २,००० जातका धान थिए तर अहिले सयौं लोप भइसकेका छन्। स्थानीय जात संरक्षणभन्दा विदेशी प्रयोगशालाबाट आयातित बीउ प्रवर्द्धन गरिँदा स्वाद, पोषण, विविधता र कृषि प्रणालीमै गम्भीर असर परेको छ।

धान उत्पादनमा नेपाल पछाडि पर्दै गएको छ। वर्षेनि झण्डै ३० अर्ब रुपैयाँ बराबरको चामल आयात हुनु केवल आर्थिक घाटा होइन खाद्य सम्प्रभुताको पराजय हो। नेपालको लगभग ३५ प्रतिशत खेतीयोग्य जमिनमा धानखेती हुने भए पनि उत्पादन बढ्न नसक्नु नीतिगत असफलताको उपज हो। सरकारको उत्पादन वृद्धि, मूल्य स्थायित्व, बीउ प्रविधि बैंकजस्ता घोषणाहरू व्यवहारमा सार्न सकिएको छैन।

जलवायु परिवर्तनले स्थिति झनै कठिन बनाइरहेको छ। परम्परागत वर्षा चक्र अस्तव्यस्त छ। असार १५ मा पानी पर्ने ग्यारेन्टी छैन। कहिले खडेरी, कहिले बाढी यस्ता परिस्थितिमा किसान जात र बीउ छनोट गर्न समेत अलमलमा छन्। जलवायु अनुकूलन कार्यक्रम घोषणामै सीमित छन्। किसानलाई मौसम पूर्वानुमान, प्राविधिक सहायता, सहजीकरण पुग्दैन सरकारको गम्भीरताको अभाव झल्किन्छ।

कृषिमा लगानी अभावको असर किसानको जीवन स्तरमा प्रत्यक्ष देखिन्छ। युवा जनशक्ति विदेश पलायन हुँदा वृद्ध, महिला र बालबालिकामा खेतीको बोझ पर्न थालेको छ। खेत जोत्न ट्र्याक्टर छैन, मल छैन, बीउ छैन उत्पादन भए पनि भण्डारण र मूल्यको ग्यारेन्टी छैन। यस्तो अवस्थामा 'कृषिको आधुनिकीकरण' भन्ने नाराको अर्थ नै रित्तो हुन्छ।

धान उत्पादनको अन्त-र्राष्ट्रिय सन्दर्भमा हेर्दा नेपाल थप विचलित देखिन्छ। एशियामा विश्वको ९१ प्रतिशत धान उत्पादन हुन्छ। चीन र भारत अग्रणी छन्। नेपालमा उत्पादन स्थिर छ जमिन खण्डीकरण र सहरीकरणले खेतीयोग्य जमिन मासिँदै गएको छ। उपत्यकाहरूमा धान खेत प्लटिङको सिकार बनेका छन्। योजनाविहीन सहरी विस्तारले खाद्य सुरक्षामा दीर्घकालीन संकट निम्त्याइरहेको छ।

२०८२/०८३ को बजेटमा कृषि बीमा विस्तारको घोषणा गरिएको छ। तर अघिल्ला वर्षमा बीमा रकम नपाएको, प्रक्रियागत झमेला र ढिलासुस्तीका कारण किसानको विश्वास घटेको छ। बीमा संरचना किसानभन्दा बीमा कम्पनी र बैंकको पक्षमा केन्द्रित देखिन्छ। सहकारी सुधारको घोषणापनि यथार्थमा राजनीतिक हस्तक्षेप र अनियमितताको चपेटामा छन्।

उत्पादन लागतमा नेपाल प्रतिस्पर्धा गर्न सक्ने स्थितिमा छैन। किसानले उत्पादन लागत उठाउन सक्दैनन्। सरकारले न्यूनतम समर्थन मूल्यको घोषणा त गर्छ तर त्यसको पालना हुँदैन। भण्डारण प्रणाली असफल छ बजारमा भारतलगायतका मुलुकबाट सस्तो चामल आउँदा नेपाली किसानले आफ्नो उत्पादन बेच्न नसक्ने स्थिति आउँछ। नीति भने आत्मनिर्भरताको भाषणमै सीमित रहन्छ।

असार १५ अब राज्य र समाजका लागि विचार गर्ने समय हो हाम्रो कृषि कहाँ छ ? किसानको अवस्था किन उस्तै छ ? किन हामी अझै आत्मनिर्भर बन्न सकेका छैनौं ? हिलोमा रमाउने, दही-चिउरा खाने, सेल्फी खिच्ने कार्यक्रमले कृषि समस्या हल हुँदैन। असार १५ हाम्रो संस्कृति हो, चेतना हो, इतिहास हो तर यो चेतना तब मात्र सार्थक बन्छ जब व्यवहारमा सुधार गरिन्छ।

असार १५ किसानको संघर्षको दस्तावेज हो। सरकारलाई चेतना दिनुपर्ने क्षण हो। अब भाषण होइन व्यवहारमै कृषि सुधार गरिनुपर्छ। नयाँ अनुसन्धान, स्थानीय जातको संरक्षण, जलवायु अनुकूल खेती, किसानमैत्री बीमा, बजार ग्यारेन्टी, युवा आकर्षण, भूमि सुधार र पारदर्शी सहकारी संरचना आवश्यक छन्। अन्यथा हरेक असार १५ मा हिलो रमाइलो बाहिर देखिनेछ भित्र किसानको आँसु लुकेको हुनेछ। यो विडम्बना हटाउन अब राज्यको सोच, नीति र कार्यान्वयनमै आमूल परिवर्तन आवश्यक छ।

(लेखक :- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ )

## लागुऔषध सहित भारतीय कार प्रहरीको नियन्त्रणमा




विराटनगर। सुनसरीको बराहक्षेत्र नगरपालिका-३ स्थितबाट लागूऔषध गाँजा बोकेको एमएच २ बीपी ९७४२ नम्बरको कार प्रहरीले नियन्त्रणमा लिएको छ।

अस्थायी प्रहरी चौकी नडाहाबाट गस्तीमा खटिएको प्रहरी टोलीले सडक छेउमा रहेको संकास्पद अवस्थामा रहेको कार चेकजाँचको क्रममा कारको डिकीमा लुकाई राखेको १ सय ६२ किलोग्राम गाँजा बरामद गरेको हो। गाँजा बरामद भए संगै ओसार पसारमा संलग्न व्यक्तिको खोजतलास भईरहेको छ।

त्यसैगरी सुनसरी, झापा र धनकुटाबाट लागू औषध ब्राउन सुगर र गाँजा सहित ६ जनालाई प्रहरीले पक्राउ गरेको थियो।

असार २० गते शुक्रवार सुनसरीको इलाका प्रहरी कार्यालय लौकही र लागूऔषध नियन्त्रण व्युरो विराटनगरबाट चेकजाँचमा खटिएको प्रहरी टोलीले भोक्राहा नरसिंह गाउँपालिका-३ का ३१ बर्षीय प्रभु नारायण यादवलाई २ ग्राम ९४० मिलिग्राम ब्राउन सुगर सहित र इटहरी-१७ का २४ बर्षीय बलराम चौधरी, इटहरी-१९ का ३२ बर्षीय अरबिन्द्र भण्डारीलाई १२ ग्राम ३ सय मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो।

यसै गरी इलाका प्रहरी कार्यालय अनारमनी झापाले इलाम नगरपालिका- ९ का २५ बर्षीय गंगाराम चौहान र २० बर्षीय सुजन अधिकारीलाई २ सय २० मिलिग्राम ब्राउन सुगर सहित र इलाका प्रहरी कार्यालय भेडेटार धनकुटाले पाखिवास नगरपालिका -८ का भिम बहादुर राई ७ किलोग्राम गाँजा सहित पक्राउ गरेको छ।

पक्राउ परेको सवैलाई सम्वन्धित प्रहरी कार्यालय वाट थप अनुसन्धान भईरहेको छ।





सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रूख काट्नु सार्वजनिक अपराध हो । यसरी रूखहरू काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

सडक डिभिजन कार्यालय
विराटनगर, कोशी प्रदेश

# असार १५ : यस्ता छन् दही-चिउराका फाईदा

'मानो रोपेर मुरी फलाउने दिन' अर्थात् आज असार १५। कृषकहरुले काम गर्दै दही-चिउरा खाएर मनाउने यो दिन गैरकृषकका लागि भने 'खाने पर्व'का विकसित हुँदै गएको छ।

सांस्कृतिक महत्व बोकेको दही-चिउरा स्वास्थ्य दृष्टिकोणले कस्तो छ? कसले खाँदा फाइदा हुन्छ? कसरी खाँदा स्वास्थ्यलाई लाभ पुग्छ? लगायतका विषयमा पोषणविद् सोफिया उप्रेतीसँग गरेको कुराकानीको अंश :

चिउरा कार्बोहाइड्रेडको स्रोत हो। दहीमा चिउरा मिसाएर खाँदा कार्बोहाइड्रेड, प्रोटिन, क्याल्सियम, पोटासियम र भिटामिन पर्याप्त मात्रामा प्राप्त गर्न सकिन्छ। यही कारण धेरै काम गर्ने दिन अर्थात् असार १५ मा दही-चिउरा खाने प्रचलन चलेको हुनुपर्छ।

असार १५ मा गर्मी पनि बढेको हुन्छ। गर्मीमा धान रोप्दा पसिनाको माध्यमबाट जाने पानीलाई समेत यसले परिपूर्ति गर्ने भएकाले दही-चिउरा खाने चलन बसाएको हुनुपर्छ हाम्रा पुर्खाहरुले। दही-चिउरा चाँडो तयार पार्न सकिने मिठो र पोषिलो खाजा भएकाले पनि कामको चाप भएका बेलाको खाना वा खाजाका रुपमा यसलाई रोजिएको हुनुपर्छ।

दही-चिउरा खान असार १५ लाई नै कुर्नुपर्छ भन्न छैन। अरुबेला पनि दही-चिउरा खाँदा स्वास्थ्यका लागि लाभदायक हुन्छ। यो जुनसुकै उमेर समूहले पनि खान सक्छौं। जुन बेला पनि खान सकिन्छ।

दूध फाटेर बन्ने दहीमा क्याल्सियम, सोडिमय, पोटासियम र भिटामिन पाइन्छ। यसमा शरीरमा फाइदा गर्ने गुड ल्याक्टोब्यासिलस ब्याक्टेरिया समेत हुन्छ। चिउरामा भने कार्बोहाइड्रेड, आइरन र प्रोटिन पाइन्छ।

धानलाई भिजाएर ओखल वा मिलमा कुटेर तयार गरिएको खाद्यपदार्थ नेपाली खाना चिउराको ठूलो महत्व छ। चिउरालाई चोखो खाद्यपदार्थका रुपमा पनि लिइन्छ।

हिजोआज चिनी हालेर गुलियो बनाएर दही खाने चलन छ। चिनी हाल्नुभन्दा सिजन अनुसारका फलफूल केरा, आँप आदि मिसाएर खाँदा उपयुक्त हुन्छ। यसरी खाँदा हामीले थप भिटामिन र खनिज पदार्थ पनि पाउन सक्छौं।

यदि गुलियो बनाएर खाने हो भने पनि प्रकृतिक गुलियो सखर, खुदो मिसाइयो भने स्वास्थ्यका लागि लाभदायी हुन्छ।

हाम्रा विभिन्न पारम्परिक अचार अथवा तरकारीसँग दही-चिउरा खादा अझ पूरक र पोषिलो हुन्छ।

दहीले चिसो लाग्ने भएकाले राति सुत्ने बेलामा खानु हुँदैन भन्ने मान्यता छ। तर, ठिक्कको तापक्रम मा राखिएको दही जुन समयमा खाए पनि केही फरक पर्दैन। दही फ्रिजबाट निकालिएको भएमा चाहिँ चिसो लाग्न सक्छ। दहीले कहिल्यै बिरामी पार्दैन, यदि कुनै हानिकारक किटाणुले यसमा प्रवेश पाएका छैनन् भने।


मधुमेह भएका बिरामीहरुले चिनी मिसाएको दही खानु हुँदैन। बजारको दहीमा मिठो बनाउन चिनी हाल्ने प्रचलन छ। त्यसैले सकेसम्म आफ्नो घरमा बनाएको दहीमा चिउरा मिसाएर खाँदा राम्रो। दैनिक खानामा एक कचौरा दही खाँदा स्वास्थ्यका हिसाबले राम्रो मान्न सकिन्छ।

दहीका फाइदा

- दहीले मांशपेसी र हाड बलियो बनाउन मद्दत गर्छ।
- रोग प्रतिरोधात्मक क्षमता बढाउँछ।
- दही बनाउने ल्याक्टा ब्यासिलस ब्याक्टेरियाले पाचन प्रक्रियामा सहयोग पुग्छ।
- दहीमा क्याल्सियम र मिनरल बढी मात्रामा पाइन्छ।
- पेट गडबडी हुँदा अर्थात् पखाला लागेको समयमा दहीको सेवन गर्दा पखाला कम हुन्छ।

चिउराका फाइदा

- चिउरा पकाउनु नपर्ने भएकाले हामीले जुनसुकै परिकारका साथ खान सकिन्छ।
- प्रशस्त कार्बोहाइड्रेड भएकाले काम गर्न शक्ति प्रदान गर्छ।
- फलामको ओखलमा कुटेको चिउरामा आइरनको मात्रा बढी हुन्छ। स्वास्थ्य खबर पत्रिकाबाट सभार




Visit Our Campus or Call Us for Counselling and Admission Details!
www.dav.edu.np | Biratnagar Metropolitian Ward no.: 13, Morang, Nepal
Ph.No.: 021- 437264, 021-437187, 9702004755, 9767382393, 9804305712, 9842068478.

# लागूऔषध सहित १५ जना प्रहरीको फन्दामा



विराटनगर। झापा, मोरङ र सुनसरीको छुट्टा छुट्टै स्थानहरुबाट लागू औषध ब्राउन सुगर र गाँजा सहित ९ जनालाई प्रहरीले पक्राउ गरेको छ।

वडा प्रहरी कार्यालय भद्रपुर झापाको प्रहरी टोलीले भारतबाट नेपाल तर्फ आउदै गरेका बिर्तामोड नगरपालिका-४ का ३२ बर्षीय धर्मा कुमार शर्मालाई २ ग्राम ६६ मिलिग्राम लागू औषध ब्राउन सुगर सहित र प्रहरी चौकी बिर्ताबजारले बिर्तामोड-३ का २६ बर्षीय बिर बहादुर राजबंशीलाई ५ सय ६० मिलिग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको थियो।

त्यसैगरी लागू औषध नियन्त्रण ब्यूरो विराटनगरले विराटनगर-१५ स्थितबाट मोरङको शनिश्चरे-८ का ३२ बर्षीय उजिर लिम्बुलाई २ ग्राम ४ मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको हो। यस्तै अस्थायी प्रहरी चौकी अमरहाट धरानको प्रहरी टोलीले चेकजाँचको क्रममा सुनसरीको धरान-१३ स्थितबाट यात्रुबाहक बसमा सवार धनकुटाको सहिदभुमी गाउँपालिका-२ का ५४ बर्षीय तेज बहादुर राईलाई ५५ किलोग्राम लागू औषध गाँजा सहित नियन्त्रणमा लिएको थियो।

इलाका प्रहरी कार्यालय देवानगंज सुनसरीले देवानगंज-३ का १८ बर्षीय राज कुमार यादबलाई उनकै घरबाट ६ किलोग्राम २ सय ८० मिलिग्राम लागू औषध गाँजा सहित नियन्त्रणमा लिए संगै कारोबारमा संलग्न १८ बर्षीय राजु यदबलाई समेत नियन्त्रण लिई थप अनुसन्धान भई रहेको छ।

सुनसरीको बराहक्षेत्र नगरपालिका-५ स्थितमा प्रहरी चौकी भरौलको प्रहरी टोलीले चेकजाँचको क्रममा प्रदेश १-०२-००१ ज ४६३७ नम्बरको कार भित्रमा कालो प्लाष्टिकको पोकामा लुकाई छिपाई राखेको १ सय २० किलोग्राम गाँजा सहित कार चालक मोरङ विराटनगरका-४ का २६ बर्षीय धिरज गोसाई सहित ९ जनालाई पक्राउ गरेको थियो।

त्यसैगरी सोही कारमा सवार जहदा गाउँपालिका- ७ का २२ बर्षीय बिकास यादवलाई नियन्त्रणमा लिएको थियो। मोरङको रतुवामाई नगर पालिका-१ स्थितमा इलाका प्रहरी कार्यालय सिजुवाले चेकजाँचको क्रममा रतुवामाई-४ का ३५ बर्षीय रंजित शर्मा र ३० बर्षीय रोम बहादुर राजबंशीलाई ४१ ग्राम ८१० मिलिग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको थियो।

सोही दिन लागू औषध नियन्त्रण ब्युरो विराटनगरको प्रहरी टोलीले सुन्दरहरैचा नगरपालिका- ७ का २१ बर्षीय रोहित मगरलाई २ ग्राम ४९ मिलिग्राम ब्राउन सुगर, विराटनगर-११ का १९ बर्षीय निखिल मल्लिकलाइ इन्टराजेपाम ७० ट्याब्लेट सहित र इलाका प्रहरी कार्यालय विराटचोकले ट्रामाडोल ९० ट्याब्लेट सहित सुन्दरहरैचा- ९ का २७ बर्षीय अनिल कुमारलाई पक्राउ गरेको थियो।

त्यसैगरी लागू औषध नियन्त्रण व्यूरो काँकरभिट्टा झापाले कनकाई नगर पालिका- ३ का २७ बर्षीय निर्मल बिश्वकर्मा र मोरङ मिक्लाजुङका २० बर्षीय सिसिर लिम्बुलाई २ ग्राम ३० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको छ।

पक्राउ परेका सवैजनालाइ सम्वन्धित प्रहरी कार्यालयवाट थप अनुसन्धान भइरहेको छ।

## एसईई...

असल अभ्यास हाम्रै देशमा थुप्रै छन् । पशुराम नगरपालिका डडेल्धुराको एक विद्यालयले प्रत्येक महिनाको अन्तिम शुक्रबार अभिभावकसँग विद्यालय कार्यक्रम गर्ने गर्छ । विद्यालय बन्द हुन्छ तर शिक्षक, विद्यार्थी समूह-समूहमा अभिभावकका घर पुग्छन् । त्यहाँ उनीहरू व्यावहारिक, सांस्कृतिक, सामाजिक विषयवस्तु सिक्छन् र त्यसबारेमा विद्यालयमा छलफल, व्याख्या, विश्लेषण गर्छन् । विद्यार्थीले यो बेला समाज पढ्छन्, सामाजिक मूल्य-मान्यता र सामाजिक रहनसहन पढ्छन् । यसले विद्यालयलाई परिवार र समाजसँग जोड्न ठूलो मद्दत पुगेको कुरा त्यस विद्यालयका प्रधानाध्यापकले बताउनुभएको थियो ।

परीक्षा प्रणालीमा पनि सुधारको आवश्यकता छ । लिखित परीक्षा विश्वमै लिने गरिन्छ । कति समय, कति प्रतिशत, कस्ता किसिमका प्रश्न आदि बहसका विषय हुन् र यो क्षेत्रमा सुधार गर्दै लैजानुपर्छ । नेपालमा एसईई परीक्षालाई नियमित परीक्षाजस्तो नबनाएर बढी हल्ला गर्ने, फलामको ढोका आदि भाष्यका कारण पनि विद्यार्थी डराउने, नर्भस हुने र जानेको कुरा पनि सीमित समयमा व्यक्त गर्न नसक्ने समस्या देखिएका छन् । यी समस्यालाई परीक्षा केन्द्रको वातावरण सुधार गरेर हल गर्न सकिन्छ ।

फिनल्यान्डमा परियोजना कार्य गर्ने, प्रतिवेदन लेख्ने, प्रस्तुति गर्ने काममा जोड दिइन्छ र परीक्षामा पनि त्यस्तै प्रश्न सोधिन्छ । जसले गर्दा आफूले अनुभव गरेका विषय विद्यार्थीले सहजै अभिव्यक्त गर्छन् ।

हाम्रो प्रश्न निर्माण गर्ने तरिका विद्यार्थीले के जानेका छन् भन्नेतिर भन्दा विद्यार्थीले के जान्दैनन् भन्ने अवधारणाले पो निर्देशित छ कि भन्ने लाग्छ । परीक्षामा जानेका कुरा लेख्ने हो भनेर विद्यार्थी ढुक्क र निर्धक्क हुनै सक्दैनन् । ऊ नजानेको, नपढेको वा शिक्षकले नपढाएको कुरा आउँछ अनि लेख्न सक्दिन भनेर चिन्तित हुन्छ र फेल हुने डरले उसलाई सताइरहन्छ । यही डरका कारणले परीक्षा हलमा कतिपय जानेका र थाहा पाएका उत्तर समेत प्रस्ट लेख्न नसकेको अनुभव हाम्रा सयौं विद्यार्थी सुनाउँछन् ।

फिनल्यान्डमा परियोजना कार्य गर्ने, प्रतिवेदन लेख्ने, प्रस्तुति गर्ने काममा जोड दिइन्छ र परीक्षामा पनि त्यस्तै प्रश्न सोधिन्छ । जसले गर्दा आफूले अनुभव गरेका विषय विद्यार्थीले सहजै अभिव्यक्त गर्छन् ।

सिङ्गापुरका निर्माता लि क्वान पहिलोपटक सत्तामा आएपछि उनको प्राथमिकता थियो शिक्षा सुधार । उनले यो सुधार एकैपटक तीन क्षेत्रबाट सुरु गरे– प्राथमिक तह, विश्वविद्यालय र शिक्षकको पेसागत विकास । नेपालमा सिकाइ सुधारका लागि प्रारम्भिक बाल बालविकास तहमा योग्य, तालिम प्राप्त र लगनशील शिक्षक, पर्याप्त शैक्षिक सामग्री र उपयुक्त शैक्षिक वातावरण आदिमा ध्यान दिनु जरुरी छ ।

शिक्षक उत्पादन गर्ने विश्वविद्यालयको सुधार पनि आजको आवश्यकता हो । विश्वविद्यालयका विज्ञ विद्यालय शिक्षाको गुणस्तर ह्रास आउनुमा विद्यालयका शिक्षकलाई दोष दिन्छन् र ती शिक्षक आफ्नै उत्पादन हुन् भन्ने तथ्य बिर्सन्छन् । साथै शिक्षकको पेसागत विकासको जिम्मेवारी पाएको शैक्षिक तालिम केन्द्रको स्तरोन्नति गर्नु अत्यावश्यक छ । कर्मचारी तन्त्रको पकडमा रहेका यो केन्द्र विज्ञ, प्राज्ञिक र व्यावसायिक व्यक्तिले भरिपूर्ण भएको एक सिकाइ संस्थाको रूपमा रूपान्तरण हुन आवश्यक छ ।

शिक्षकले विद्यार्थीलाई सिकाइप्रति जिम्मेवार बनाउनु पर्छ । व्यक्तिगत र स-साना समूहगत सिकाइमा उत्प्रेरित गर्नुपर्छ । विद्यार्थीको सिक्ने क्षमता छ, त्यसैले शिक्षकले तिमी सक्छौ, प्रयास, लगनशीलता र एकाग्रताको आवश्यकता छ भनेर उत्प्रेरित र उत्साहित गराइ रहनुपर्छ । शिक्षक मात्र सहजकर्ताका भूमिकामा रहनुपर्छ । विद्यार्थीलाई सिकाइ मेरा लागि हो भनेर आत्मानुभूति हुनु वा गराउनु जरुरी छ जुन काम शिक्षकले मात्र गर्न सक्छन् ।

संघीय सरकारले अरु धेरै केही गर्नुपर्दैन मात्र शिक्षाको बजेट बढाइदिए पुग्छ । सुधारका कार्यक्रम र क्रियाकलाप विद्यालय र पालिकाले आवश्यकता अनुसार निर्माण गर्छन् र कार्यान्वयन गर्छन् तर बजेट वार्षिक घट्दो छ । आर्थिक वर्ष २०६७-६८ मा १७.११ पुगेको शिक्षा बजेट अहिले १०.७९ छ ।

यो वर्षको परिणाममा सुधार आउनुमा विद्यालय व्यवस्थापन समिति र स्थानीय निकायको योगदान पनि महत्त्वपूर्ण पाइयो । कतिपयले अवर्गीकृत नील गर्ने, कतिपयले वर्गीकृतको प्रतिशत बढाउने जस्ता लक्ष्य तोकेर काम गरेको पाइयो । विद्यालयमा अतिरिक्त कक्षा सञ्चालन गर्ने, विद्यार्थीलाई खाजाको व्यवस्था गर्ने, विद्यालयलाई प्रशासनिक खर्च उपलब्ध गराउने, पुस्तकालय मा नियमित गोरखापत्र उपलब्ध गराउने, अभिभावक शिक्षा सञ्चालन गर्ने, विद्यार्थीका आवश्यकता र समस्याका बारेमा उनीहरू सँग छलफल गर्ने आदि कार्यले परिणाम सुधारमा प्रत्यक्ष प्रभाव पारेको कुरा प्रधानाध्यापकहरू बताउनुहुन्छ ।

त्यसै गरी अन्तिम तीन महिना विद्यालयले परीक्षा केन्द्रित तयारी (प्रश्नपत्रको पूर्ण जानकारी, परीक्षामा समय व्यवस्थापन, उत्तरको नमुना) गरेको पाइयो । यी र यस्तै कार्यहरू आगामी वर्ष पनि नियमित गर्नु अनिवार्य देखिन्छ ।

संघीय सरकारले अरु धेरै केही गर्नुपर्दैन मात्र शिक्षाको बजेट बढाइदिए पुग्छ । सुधारका कार्यक्रम र क्रियाकलाप विद्यालय र पालिकाले आवश्यकता अनुसार निर्माण गर्छन् र कार्यान्वयन गर्छन् तर बजेट वार्षिक घट्दो छ । आर्थिक वर्ष २०६७-६८ मा १७.११ पुगेको शिक्षा बजेट अहिले १०.७९ छ ।

अन्त्यमा यो सुधार अर्को वर्ष पनि कायम राख्नु प्रधानाध्यापक र शिक्षकका लागि चुनौतीपूर्ण भएको अवस्थामा म प्रधानाध्यापक र शिक्षक साथीहरूलाई केही अनुरोध गर्दै लेखको बिट मार्न चाहन्छु ।

स्थानीय सरकारको लगानी र नेतृत्व, विद्यालय व्यवस्थापन समितिको साथ र सहयोग समेत पाएको अवस्थामा अरुलाई दोष दिएर जिम्मेवारीबाट नपन्छनुहोस् ।

प्रधानाध्यापकज्यूले रूपान्तरणको सुरुवात आफैंबाट गर्नुहोस् (समयमा विद्यालयमा आउने, घन्टी लाग्नेबित्तिकै कक्षामा पस्ने, पूरा समय कक्षामा बस्ने, गृहकार्य परीक्षण गर्ने, विद्यालय समयमा विद्यालय नछाड्ने, समूहमा काम गर्ने आदि) । तपाईंले गरेपछि अरुले पनि ढिलो चाँडो तपाईंलाई पछ्याउँछन् ।

विद्यालयलाई सिकाइ संस्थाका रूपमा विकास गर्नुहोस् । जस्तै मसिना कार्यमूलक अनुसन्धान, प्रकाशन, पेसागत विकास, छलफल र अन्तर्क्रिया साथै शिक्षक विद्यार्थी दुवैमा पठन संस्कृतिको विकास ।

पेसागत हक-अधिकारको विषयमा चासो र संलग्नता राख्नुहोस्, विचार बोक्नुहोस्, मताधिकार प्रयोग गर्नुहोस्, पेसागत संगठनको सदस्यता लिनुहोस् तर दलका कार्यक्रमा सहभागी नहुनुहोस् । अझ पनि गाउँपालिका अध्यक्ष, माननीय आदि हुने रहर छ भने शिक्षण पेसा छाडेर राजनीति गर्नुहोस् ।

शिक्षा नीति, पाठ्यक्रम आदि जो तपाईं हामीले चाहेर मात्र फेर्न सक्दैनौं, त्यसमा धेरै चिन्ता नगरौं । आफूले गर्न सक्ने (नवीन शिक्षण सिकाइ क्रियाकलाप, शैक्षिक सामग्री निर्माण र प्रयोग, प्रविधिको प्रयोग आदि) कुरामा ध्यान केन्द्रित गर्नुहोस् ।

विश्वमै बहस हुन थालिसक्यो च्भषबनष्लष्लन उभमबनयनथ । तपाईंले पनि परम्परागत शिक्षण विधिमा सुधार ल्याउनैपर्छ । विद्यार्थीको सीप, क्षमता र चाहनालाई ख्याल गर्दै तथा विश्वबजारमा बिक्ने नागरिक उत्पादन गर्न प्रविधिमा आधारित नवीन शिक्षण विधिको प्रयोग गर्नुहोस् ।

देशका विभिन्न पालिकाहरूमा प्रधानाध्यापक र शिक्षक साथीहरू सँग छलफल गर्दा तपाईंहरूमा परिवर्तन गर्ने, विद्यालय सुधार्ने, आफू पनि रूपान्तरण हुने हुटहुटी देखेको छु । तपाईंलाई सहयोग गर्न स्थानीय निकाय र विद्यालय व्यवस्थापन समिति तत्पर पाएको छु । त्यसैले पक्कै पनि आउँदो वर्षको परिणाम पनि यो वर्षको भन्दा सुधार हुनेछ भन्ने विश्वास जागेको छ । रातोपाटी अनलाईनबाट

# शरिर बन्धक बनाई डाका गर्ने पक्राउ



विराटनगर । मोरङ विराट नगर महानगर पालिका वडा नं. १५ बस्ने बर्ष २० को बिक्रम कुमार साह तेलीलाई प्रहरी हो भनी शरिर बन्धक बनाई डाका गर्ने व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा अली हुसेनको छोरा जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा न. ८ बस्ने बर्ष २४ को समिर हुसेन, सुल्तान अन्सारीको छोरा विराटनगर-६ बस्ने बर्ष २७ को आशिफ अन्सारी रहेका छन् ।

घटनाको विवरण अनुसार तेलीले बैंकमा रकम मौज्दात गर्न भनि ३ लाख ६४ हजार लिई सिटीमा चढी बैंक तर्फ आँउदै गर्दा तीनीहरुले १३ रानी स्थित राईस मिल छेउमा पुग्दा रातो स्कुटरमा सवार रहेका ३ जना अपरिचित मानिसहरुले उक्त सिटी सफारी रोकि "हामी जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएका प्रहरी हौं, अनुसन्धान गर्नु छ" भनि सो स्कुटरको बिचमा जबरजस्ती राखी नियन्त्रणमा लिई २ जनाले निजलाई विराटनगर महानगरपालिका वडा नं. १४ जतुवा स्थित एकान्त स्थलमा पुर्याई त्रास देखाई तेलीको साथमा रहेको उक्त रकम डाका गरी लिई फरार भएको थियो ।

पीडितको निवेदनका आधारमा सो डाका गर्ने समुहकोखोजतलास गर्ने क्रममा २०८२ अषाढ १५ गतेसो वारदातमा प्रयोग भएको को १४ प ३३३० नम्बरको स्कुटर सहित समिर हुसेन र आशिफ अन्सारी समेतलाई पक्राउ गरी पीडितबाट सनाखत समेत गराई शरिर बन्धक बनाई डाका गरेको कसुर मुद्धामा सम्मानित मोरङ जिल्ला अदालतबाट म्याद गरी थप अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ ।

